# कक्षा ५ को सामुदायिक र संस्थागत विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयनको तुलना

स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्यांकन विशिष्टिकरण विषयको आंशिक आवश्यकता परिपुर्ति गर्ने प्रयोजनार्थ प्रस्तुत अनुसन्धान

शोध पत्र

प्रस्तुतकर्ता

नवराज देबकोटा

परीक्षा रोल नं. २८००६४/०६७

त्रि. वि.दर्ता नं. ९–२–५५–५२४–२००३

शिक्षाशास्त्र केन्द्रिय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाण्डौं

२०६९

कक्षा ५ को सामुदायिक र संस्थागत विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयनको तुलना प्रस्तुतकर्ता नवराज देवकोटा २०६९

पा.मू ३६८

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र संकाय**

**शिक्षा शास्त्र केन्द्रिय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग कीर्तिपुर, काठमाडौं स्नातकोत्तर तह दोस्रो वर्ष पाठयक्रम तथा मुल्याङ्कन विशिष्टीकरण विषयको ED.C.E.598 पत्रको आंशिक आवश्यकता पूरा गर्नका लागी *श्री नवराज देवकोटा*ले सोध प्रतिवेदन **"कक्षा ५को सामुदायिक र संस्थागत विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयनको तुलना"** मेरो प्रत्यक्ष निर्देशनमा रही सोध प्रतिवेदन तयार गर्नुभएको थियो । उहाँको यस सोध प्रतिवेदन प्रति म पूर्ण सन्तुष्ट भएकोले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

...................................

मिति : २०६९/०४/१७

सोध निर्देशक

उप प्रा. शिवराज बढू

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र संकाय**

**शिक्षा शास्त्र केन्द्रिय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय केन्द्रिय विभाग अंतर्गत पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय लिई स्नातकोत्तर तह दोस्रो वर्षमा ED.C.E. 598 पत्रको आंशिक आवश्यकता पूरा गर्नका लागी *श्री नवराज देवकोटा* ले **"कक्षा ५ को सामुदायिक र संस्थागत विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयनको तुलना"** सम्बन्धी अध्ययन प्रतिवेदन स्वीकृतिका लागी प्रस्तुत गर्नु भएकोमा यो प्रतिवेदन मूल्याङ्कन समितिबाट स्वीकृत गरियो ।

मूल्याङ्कन समिति — हस्ताक्षर

प्राध्यापक स्वंयप्रकाश ज.व.रा. ..............................
(विभागीय प्रमुख)

उप प्रा. शिवराज बढू ..............................
(सोध निर्देशक )

प्राध्यापक .डा तिर्थराज पराजुली ..............................
(वाह्य परीक्षक)

मिति : २०६९/०४/२६

## त्रिभुवन विश्वविद्यालय
## शिक्षाशास्त्र संकाय
## शिक्षा शास्त्र केन्द्रिय विभाग
## पाठ्यक्रम तथा मूल्याङ्कन विभाग


## कृतज्ञता ज्ञापन

वस्तुत : अनुसन्धान सानो वा ठूलो जुनसुकै स्तरको भए पनि एक गम्भीर एवं जटिल कार्य हो त्यसैले कुनै पनि अनुसन्धान कार्य एक्लो व्यक्तिको निजी प्रयासबाट सम्भव हुँदैन । यसका निमित्त धेरै तिरको प्रेरणा, सहयोग र सुझावको निरन्तर खाँचो पर्दछ । प्रस्तुत अनुसन्धानमा मलाई विभिन्न महानुभावहरुले विभिन्न तवरमा आफ्नाृ बहुमुल्य सहयोग सरसल्लाह दिई कहिल्यै नविर्सने गुन लगायनु भएको छ ।

सर्वप्रथम प्रस्तुत शोधपत्रका शोध निर्देशक आदरणीय गुरु उप गुरु उप प्राध्यापक श्री शिवराज बढूले आफ्नो व्यस्त समयका विच पनि आफ्नो महत्वपूर्ण समय दिनुका साथै अमूल्य सर-सल्लाह, सुझाव र आवश्यक सामग्रीहरु समेत दिई विशेष तवरले शोधपत्र खँदिलो वनाउन र गहनापूर्वक सम्पन्न गराउन विशेष भूमिका निभाउनु भएको हुँदा त्यसका निमित्त म उहाँ प्रति हार्दीक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शिर्षकमा अनुसन्धान कार्य गर्न स्वीकृती प्रदान गर्ने त्रि.वि. शिक्षाशास्त्र संकायको पाठ्यक्रम तथा मूल्याङ्कन विभाग प्रति म आभार व्यक्त गर्दछु शोध कार्य गर्ने क्रममा महत्वपूर्ण सुझाव तथा सल्लाह प्रदान गरी सहयोग गर्नुहुने पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागिय प्रमुख आदरणीय गुरु प्राध्यापक स्वयम प्रकाश जवरा, उपप्रध्यापक निरणराम रञ्जितकार, गुरुआमा विश्ववाला थापा र यशोधरा पन्त प्रति कृतज्ञ छु ।

प्रसतुत शोधपत्र तयार गर्नका लागि सूचना संकलन गर्न प्रत्यक्ष सहयोग गरीदिनु हुने सामुदायिक विद्यालय श्री चन्दनाथ नि.मा.वि. र संस्थागत विद्यालय वुढीनन्दा प्रा.वि.का प्र.अ., शिक्षक र विद्यार्थीभाई बहिनीहरुलाई हार्दिक कुतज्ञता अपर्ण गर्दछु । यो शोध तयार गर्ने क्रममा विभिन्न छलफल, सहयोग र सद्भाव प्रदान गरी सहयोग गर्ने साथीहरु र भाई स्थिर प्रशाद देबकोटा प्रति आभार व्यक्त गर्दछु । प्रस्तुत शोधपत्रलाई समयमै कम्प्युटर टाइप गरि सहयोग गर्ने रमेश महर्जन लाई धन्यवाद दिन चाहान्छु ।

*नवराज देवकोटा*

श्रावण २०६९

# शोधसार

यस अध्ययनको शिर्षक “कक्षा ५ को सामुदायिक र संस्थागत विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयनको तुलना रहेको थियो । यस अध्ययनको मुख्य उद्देश्य सामुदायिक र संस्थागत विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयन लागि गरिने आवश्यक तयारी अर्न्तगत योजनाहरु, दस्तावेजहरु, पूर्वाधारहरु, शिक्षक विद्यार्थी व्यवस्थापन, कक्षा क्रियाकलाप, अतिरिक्त क्रियाकलाप र विद्यार्थी मूल्याङ्कन क्रियाकलापहरुको अवस्था तुलना गर्नु रहेके थियो । यो अध्ययन बाजुरा जिल्लामा अवस्थित कोल्टी गाउँ विकास समितिमा रहेका एउटा सामुदायिक विद्यालय श्री चन्दनाथ नि.मा.वि. र एउटा संस्थागत विद्यालय, श्री वुढीनन्दा प्राथमिक विद्यालयलाई अनुसन्धानकर्ताको घरपायक हुने हुनाले सुविधाजनक विधि प्रयोग गरी अध्ययनको लागि छनोट गरीएको थियो । यस अध्ययनका लागि गुणात्मक र परिमाणात्मक दुवै तरिकाबाट अनुसन्धान गरियो । यस अध्ययनको लागि दस्तावेज अध्ययन, विद्यालय सर्वेक्षण फारम, प्र.अ. अन्तरवार्ता फारम, कक्षा अवलोकन फारम, कक्षा ५ का सम्पुर्ण विषयका शिक्षकहरुलाई शिक्षक प्रश्नावली, विद्यार्थीहरुलाई लक्षित समुह छलफल जस्ता साधनको प्रयोग गरी सूचनाहरु संकलन गरियो ।

अध्ययन गरिएको कक्षा ५ को एउटा सामुदायिक विद्यालयमा ८ वटा विषयमा पुर्णाङ्क ६०० र उत्तिर्णाङ्क ३२ प्रतिशत रहेको र एउटा (ढसंस्थागत विद्यालयमा ८ वटा विषय, पुर्णाङ्क ७०० र उत्तिर्णाङ्क ४० प्रतिशत रहेको पाइन्छ । त्यस्तै उक्त कक्षाको सामुदायिक विद्यालयमा ऐच्छिक विषयमा अंग्रेजी राखेको पाइयो भने संस्थागत विद्यालयमा ऐच्छिक विषयमा कम्प्यूटर र सामान्यज्ञान (५० + ५०) राखेको पाइयो । उक्त कक्षाको सामुदायिक विद्यालयमा ६ वटा पाठ्यपुस्तकमा अनिवार्य अँग्रेजी र ऐच्छिक अँग्रेजी गरी २ वटा वाहेक सवै (४ वटा) पाठ्यपुस्तक नेपाली माध्यममा अध्यापन गराइएको पाइयो । त्यसैगरी संस्थागत विद्यालयमा १० वटा पाठ्यपुस्तकहरुमा अनिवार्य नेपालीका २ वटा वाहेक अरु सबै (८ वटा) पाठ्यपुस्तक अँग्रेजी माध्यममा अध्यापन गराइने गरेको पाइयो । सामुदायिक विद्यालयमा एउटा ऐच्छिक विषय वाहेक अरु सवै पाठ्यपुस्तक विद्यार्थीहरुलाई निशुल्क उपलब्ध गराइन्छ भने संस्थागत विद्यालयमा सम्पुण पाठ्यपुस्तक विद्यार्थीहरुले किन्नु पर्ने र सामुदायिक विद्यालयमा सम्पुर्ण पाठ्यपुस्तकको जम्मा रु ३३१/५० र संस्थागत विद्यालयको सबै पाठ्यपुस्तकको जम्मा रु १८५० रहेको पाइयो । त्यसैगरी सामुदायिक विद्यालयमा वर्ष भरिमा २२० दिन खुल्ने, १९२ दिन पढाइ हुने, २१ दिन परीक्षा हुने र ५० दिन भ्याकेन विदा हुने रहेको छ भने संस्थागत विद्यालयमा २३० दिन विद्यालय खुल्ने, २२२ दिन पढाई हुने, २५ दिन परीक्षा हुने र ५० दिन विदा हुने व्यवस्था गरेको पाइयो । सामुदायिक विद्यालय २०६९/१/२० गते र संस्थागत विद्यालय २०६९/१/१० गतेका दिन देखि खुलेको पाइयो । सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयमा वर्ष भरिमा १० दिन बढी खुल्ने ३० दिन बढी पढाई हुने ४ दिन बढी परीक्षा हुने गरेको पाइयो । सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका शिक्षकहरुले विदा लिएको दिनहरुमध्ये औसतरुपमा २२ दिन कम विदा लिएको पाइयो । दुवै विद्यालयमा प्रविणता प्रमाण पत्र तह उत्तिर्ण गरेका शिक्षक भएतापनि सामुदायिक विद्यालयमा जनसंख्या विशिष्टिकरण भएको

शिक्षकले गणित, अंग्रेजी विशिष्टिकरण शिक्षकले विज्ञान र नेपाली शिक्षकले सामाजिक विषय अध्यापन गर्ने गरेको पाइयो भने संस्थागत विद्यालयमा विशिष्टिकरण प्राप्त विषयमा मात्र शिक्षकहरुले अध्यापन गराइ रहेको पाइयो ।

त्यसैगरी विद्यार्थी संख्यामा सामुदायिक विद्यालयमा ४६ जनामा ४३ प्रतिशतन छात्रा रहेका छन् भने संस्थागत विद्यालय ३२ जनामा ३७.५ प्रतिशत छात्रा रहेको पाइयो सामुदायिक विद्यालयमा दलित ४५.६५ प्रतिशत छन भने संस्थागत विद्यालयमा १५.६३ प्रतिशत दलित विद्यार्थी रहेको र यसरी संस्थागत विद्यालयमा सामुदायिकको तुलनामा कक्षा ५ को विद्यार्थी संरचनामा ३०.३ प्रतिशत दलित विद्यार्थी कम रहेको पाइयो । सामुदायिक विद्यालयमा ब्राह्मण/क्षेत्रीको विद्यार्थी संख्या ७१ प्रतिशत र संस्थागत विद्यालयमा ब्राह्मण/क्षेत्रीको विद्यार्थी संख्या ५० प्रतिशत रहेकाले दुवै विद्यालयमा ब्राह्मण/क्षेत्रीको वाहुल्यता रहेको पाइयो । सामुदायिक विद्यालयमा कक्षा ५ को परीक्षा प्रणाली ३ पटक सञ्चालन गर्ने गरेको र अन्तिम १०० पूर्णाङ्कको परीक्षा स्रोत केन्द्रले सञ्चालन गर्ने गरेको पाइयो भने संस्थगत विद्यालयमा कक्षा ५ को परीक्षा प्रणाली ४ पटक विद्यालय स्तरमा सञ्चालन गर्ने गरेको पाइयो ।

संस्थागत विद्यालयको प्रधानाध्यापकको सक्रिय नेतृत्व रहेको छ । किनभने विद्यार्थीहरु, शिक्षकहरुलाई बेला-बेलामा अनुगमन निर्देशन र विद्यालयको वातावरणमा नेतृत्वको निर्देशन पालना गराउनमा वढी सक्रिय छ । विद्यालय व्यवस्थापन र सञ्चालक समिति समक्ष बढी उत्तरदायी रहने परिपाटी छ भन्न सकिन्छ । सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको प्रधानाध्यापकले शिक्षकहरुलाई नेतृत्व, निर्देशन, एवं कार्यविभाजन गर्नमा सक्रिय भुमिको खेलेको हुन्छ भन्न सकिन्छ । सामुदायिक विद्यालयहरुमा संस्थागत विद्यलयमा जस्तै प्रधानाध्यपकको सक्रिय नेतृत्व कायम गर्न र विद्यालय व्यवस्थापनमा सुधार गर्ने उपायहरु पहिल्याउनका लगि थप अध्ययन जरुरी छ ।

कक्षा ५ को सामुदायिक र संस्थागत विद्यालयमा पाठ्क्रम विकास केन्द्रले ऐच्छिक विषयको रुपमा स्थानीय विषय वा मातृभाषा उल्लेख गरेको तर सो बमोजिम न त सामुदायिक न त संस्थागत विद्यालयमा कार्यान्वियन भईरहेको पाइएकोले प्राथमिक पाठ्यक्रममा ऐच्छिक विषयको रुपमा रहने विषयहरुको सूची तयार गरी उल्लेख गर्न जरुरी छ ।

## विषयसूची


| | पेज |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृतिपत्र | ii |
| कृतज्ञता ज्ञापन | iii |
| सोधसार | iv-v |
| विषय सूची | vi-vii |
| तालिका सूची | viii |
| **परिच्छेद एक : परिचय** | **१–७** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनको उद्देश्य | ६ |
| १.५ अध्ययनको परिसिमा | ७ |
| १.६ सम्बन्धित शब्दावलिको परिभाषा | ७ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन** | **८–१४** |
| २.१ सैद्वान्तिक आधारहरु | ८ |
| २.१.१ शिक्षण सिकाई प्रक्रिया अध्ययनका लागि आधारहरु | ८ |
| २.१.२ विद्यालय व्यवस्थापन प्रणाली अध्ययनका लागि आधारहरु | ९ |
| २.२ सम्बन्धित अध्ययनहरुको समिक्षा | १२ |
| २.३ अवधारणा निर्माण | १४ |
| **परिच्छेद तीन : अध्ययन विधि** | **१५–१९** |
| ३.१ अनुसन्धान ढाँचा | १५ |
| ३.२ जनसंख्या र नमूना छनौट प्रक्रिया | १५ |
| ३.२.१ विद्यालयको छनौट | १६ |
| ३.२.२ प्रधानाध्यापकको छनोट | १६ |
| ३.२.३ शिक्षकको छनौट | १६ |
| ३.२.४ विद्यार्थीको छनौट | १६ |
| ३.३ साधनहरू निर्माण | १६ |
| ३.३.१ विद्यालय सर्वेक्षण फारम | १६ |
| ३.३.२ प्रधानाध्यापकसंगको अन्तर्वार्ता फारम | १७ |

३.३.३ शिक्षक प्रश्नावली १७

३.३.४ कक्षा अवलोकन फारम १७

३.३.५ लक्षित समूहसंग छलफलका लागि निर्देशिका १७

३.३.६ दस्तावेज अध्ययन १८

३.४ साधनको वैधता १८

३.५ सूचना संकलन प्रक्रिया १८

३.६ सूचनाको विश्लेषण प्रक्रिया १९

**परिच्छेद चार : सूचनाको विश्लेषण र व्याख्या २० –३५**

४.१ पाठ्यक्रम कार्यान्वयनका लागि तयारीको अवस्था २०

४.१.१ शैक्षिक क्यालेण्डरहरु २०

४.१.२ समय तालिकाहरु २१

४.१.३ विषयगत संरचना र पाठ्यपुस्तकहरु २३

४.१.४ भौतिक पूर्वाधारहरु २५

४.१.५ शिक्षकहरु २५

४.१.६ विद्यार्थीहरु २७

४.२ पाठ्यक्रम कार्यान्वयन २९

४.२.१ कक्षा क्रियाकलापहरु २९

४.२.२ अतिरिक्त क्रियाकलापहरु ३४

४.३ परीक्षा सम्बन्धि कियाकलापहरु ३५

**परिच्छेद पाँच : प्राप्ति, निश्कर्ष र सुझावहरु ३७ –४०**

५.१ प्राप्ति ३७

५.२ निश्कर्ष ३९

५.३ सुझावहरु ४०

**सन्दर्भसामाग्री ४२-४३**

**अनुसूचिहरु ४४-६१**

अनुसूचि १ : साधन निर्माणको लागी खाका ४४

अनुसूचि २ : विद्यालय सर्वेक्षण फारम ४५

अनुसूचि ३ : प्र. अ. अन्तरवार्ता ४८

अनुसूचि ४ : शिक्षक प्रश्नावलीहरु ५०

अनुसूचि ५ : कक्षा अवलोकन फारम ५४

अनुसूचि ६ : लक्षित समुह छलफलका लागी निर्देशिका ५६
अनुसूचि ७ : दस्तावेज अध्ययन ५७
अनुसूचि ८ : सामुदायिक विद्यालय  को कक्षा ५ को पाठ्यपुस्तकको अवस्था ५८
अनुसूचि ९ : संस्थागत विद्यालय  को कक्षा ५ को पाठ्यपुस्तकको अवस्था ५९
अनुसूचि १० : सामुदायिक विद्यलयको कक्षा ५ मा शिक्षक व्यवस्थापन ६०
अनुसूचि ११ : संस्थागत विद्यलयको कक्षा ५ मा शिक्षक व्यवस्थापन ६१

## तालिका सूची


| | | | |
|---|---|---|---|
| | | | पृष्ठ संख्या |
| तालिका नं. १ | : | पाठ्यक्रम ढाँचा | ४ |
| तालिका नं. २ | : | विद्यालयको शैक्षिक क्यालेण्डर | २१ |
| तालिका नं. ३ | : | विद्यालयको समय तालिका | २२ |
| तालिका नं. ४ | : | सामुदायिक विद्यालयको कक्षा ५ को विद्यार्थी व्यवस्थापन | २७ |
| तालिका नं. ५ | : | संस्थागत विद्यालयको कक्षा ५ को विद्यार्थी व्यवस्थापन | २७ |
| तालिका नं. ६ | : | सामुदायिक विद्यालयको कक्षा ५ को परीक्षा प्रणाली | ३५ |
| तालिका नं. ७ | : | संस्थागत विद्यालयको कक्षा ५ को परीक्षा प्रणाली | ३५ |